**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०५ अगस्त २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. बंगलादेशमा जारी विद्यार्थी आन्दोलनको बीचमा हिंसाको कारण प्रधानमन्त्री शेख हसिनाले देशको प्रधानमन्त्री पदबाट राजीनामा दिएर देश छाड्नु परेको छ|

२. बंग्लादेशमा उत्पन्न ताजा परिस्थितिलाई मद्देनजर गर्दै पश्चिम बंगालको बंग्लादेशसित जुडेका सीमानाहरुमा उच्च सतर्कता राखिएको छ। मुख्यमन्त्री ममता बनर्जीले बंगालका जनतालाई सचेत गराउनु भएको छ।

३. गोर्खा मुद्दालाई लिएर भारत सरकारले ढिलासुस्ती र लापरवाहीको विरोधमा गोर्खा राष्ट्रिय मुक्ति मोर्चा-ले पहाडभरि आज कालो झण्डा प्रदर्शन गरेको छ।

४. दार्जिलिंगका सांसद राजु बिष्ट अनि सिक्किमका सांसद इन्द्रहांग सुब्बाले केन्द्रीय अनुसूचित जनजाति मंत्री जुएल ओराम सित भेट गरी छुटेका गोरखा उपजातिहरूलाई जनजातिको दर्जा प्रदान गर्न पत्र पेश गर्नु भयो।

**बंगलादेश-हसिना**

बंगलादेशमा जारी विद्यार्थी आन्दोलनको बीचमा हिंसाको कारण प्रधानमन्त्री शेख हसिनाले देशको प्रधानमन्त्री पदबाट राजीनामा दिएर देश छाड्नु परेको छ| सयौँ प्रदर्शनकारीले प्रधानमन्त्रीको सरकारी निवास गोनोभावनमा आक्रमण गरेपछि प्रधानमन्त्री हसिना 'सुरक्षित स्थान' तर्फ प्रस्थान गरेको विभिन्न बंगलादेशी सञ्चारमाध्यमहरुले जनाएका छन्|राष्ट्रलाई टेलिभिजनबाट सम्बोधन गर्दैए बंगलादेशका सेना प्रमुख जनरल वकार-उज-जमानले देशवासीहरूलाई धैर्य गर्न र शान्ति कायम राख्न आग्रह पनि गर्नुभएको छ। आइतबार पुलिस र प्रदर्शनकारीबीच भएको झडपमा झण्डै १०० जनाको मृत्यु भएको छ भने एक हजारभन्दा बढी घाइते भएका छन् ।सन् १९७१ मा भएको रक्तपातपूर्ण गृहयुद्धमा बंगलादेशको स्वतन्त्रताका लागि पाकिस्तानबाट लडेका स्वतन्त्रता सेनानीका आफन्तहरूलाई सरकारी जागिरमा ३० प्रतिशत आरक्षणको विरोधमा विद्यार्थीहरूले प्रदर्शन गरिरहेका थिए। प्रदर्शनकारीहरूले यो प्रणाली भेदभावपूर्ण र प्रधानमन्त्री हसिनाको अवामी लिग पार्टीका समर्थकहरूको पक्षमा रहेको तर्क गरेका छन्।विद्यार्थीहरुले विद्यमान कोटालाई प्रतिस्थापन गर्ने मेरिट लिस्टमा आधारित प्रणालीको माग गरिरहेका छन्|सन् १९७२ मा स्थापित कोटा प्रणाली सन् २०१८ मा खारेज गरिएको थियो । गत महिना उच्च अदालतले स्वतन्त्रता सेनानीका सन्तानका लागि ३० प्रतिशत जागिरको कोटा पुनर्स्थापना गर्न आदेश दिएपछि बंगलादेशमा आन्दोलन सुरु भएको थियो ।

****** ० ******

**बंगलादेश भारत सिमा**

बंग्लादेशमा उत्पन्न ताजा परिस्थिको मद्देनजर पश्चिम बंगालको बंग्लादेश सित जुडेका सीमानाहरू र इलाकाहरूलाई उच्च सतर्कतामा राखिएकोछ। सीमा सुरक्षा बलका जवानहरूलाई कुनै पनि स्थितिको सामना गर्न तमतैयार राखिएकोछ। विशेषगरी पेट्रापोलए बालुरघाटए हल्दीबाडीए लगायत सीमाहरूमा कड़ा निगरानी राखिन्दैछ। मालदाए मुर्शिदाबाद देखि दक्षिण बंगालका सीमावर्ती इलाकाहरूमा कड़ा निगरानी राखिन्दैछ।

****** ० ******

**मुख्यमन्त्री ममता बनर्जी**

बंगलादेशमा हिंसात्मक अवस्थालाई ध्यानमा राख्दै पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले बंगालका जनतालाई सचेत गराउनु भएको छ। सोमबारको मन्त्रिपरिषद् बैठकमा उहाँले यसबारे सञ्चारमाध्यममा कुनै पनि अभिव्यक्ति नदिन नेता तथा

मन्त्रीहरुलाई चेतावनी दिनु भएको छ। उहाँले यसबारे सामाजिक सञ्जालमा केही पोस्ट नगर्ने, बंगलादेश संकटमा भारत सरकारले अडान राख्ने पनि बताउनु भएको छ|

****** ० ******

**प्रधानमंत्री-अनुच्छेद 370 अनि 35**

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभयो सरकार जम्मू-कश्मीर अनि लद्दाखको मानिसहरुको लागि काम गर्न जारी राख्ने छ।उहाँले आगामी दिनहरुमा राज्यका मानिसहरुको आकांक्षाहरुलाई पनि पुरा गर्दै जाने बताउनुभयो|एक सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो,आज 5 अगस्तको दिन संसदले अनुच्छेद 370 र 35(ए) लाई हटाउने निर्णय लिएको थियो।यो निर्णय राष्ट्रको इतिहासमा एक अविस्मरणीय क्षण थियो। उहाँले भन्नुभयो यो क्षण जम्मू-कश्मीर अनि लद्दाखको प्रगति र समृद्धिको एउटा नयाँ युगको शुरूवातको समय थियो।

****** ० ******

**सीपीआरएम पार्टी ट्रेड युनियनका**

सीपीआरएम पार्टी ट्रेड युनियनका सदस्यहरूले आज श्रमिक आयोग कार्यालयमा ज्ञापनपत्र बुझाएका छन्। पाँचवटा मुद्दाहरूको माग गरेर बुझाइएको ज्ञापन पत्रमा पहाडका बन्द चिया बगानए न्यूनतम पारिश्रमिक कार्यान्वयनए पी एफ वितरणए चिया बगानका बासिन्दाहरूका लागि उचित पर्जा पट्टा लगायत प्रत्येक वर्ष बोनसको ढिलाइ र कम वितरण विषय रहेका छन्। आगामी दिनमा यस समस्याहरूको समाधान नभए सी पी आर एम पार्टीका ट्रेड युनियन श्रमिकहरूको न्यायको निम्ति आन्दोलनमा उत्रने समेत सी पी आर एम ट्रेड युनियन नेता सुनील राईले बताउनु भएको छ।

****** ० ******

**खरसाङ नगरपालिका**

खरसाङ नगरपालिकाद्वारा खरसाङ बजारमा अवैध तरिकाले राखिएको दोकान पाटहरू आजदेखि भत्काउने कार्य शुरु गरेको छ। खरसाङ नगरपालिकाले बजारमा रहेको नालाहरूमाथिए मानिसहरू हिँड्ने बाटोतिर रहेको दोकानहरू साथै नगरपालिकाको नियम उल्लंघन गरेर बनाइएको दोकानहरू सबै भत्काउने कार्य सम्पन्न गरेको छ। खरसाङ बजार क्षेत्रमा रहेको अवैध दोकानहरू हटाउन साथै भत्काउन भनेर खरसाङ नगरपालिकाले गत १२जुलाईदेखि नै माईकिङद्वारा लगातार रूपमा सूचना प्रसारण गर्दै आईरहेको थियो भने उक्त सूचनालाई अदेखा गरी दोकान पाटहरू थापिरहेका थिए। आजदेखि उक्त दोकानहरू सबै भत्काउने कार्य सम्पन्न गरेको छ। खरसाङ नगरपालिकाद्वारा दोकानहरू भत्काउने कार्यमा खरसाङ महकुमा शासक आईएएस बिन्दावासी तेजा दिपक पनि उपस्थित भएर निरीक्षण गर्नु भएको थियो। नगरपालिकाद्वारा दोकानहरू भत्काउने कार्य गरिएपछि प्रभावित दोकानेहरूले गुनासो गर्दै आफुहरूलाई अर्को स्थानमा नगरपालिकाले ठाउँ दिनु पर्ने मांग गरेका छन्। अर्कोतिर आजदेखि अवैध रूपमा रहेका दोकानहरू भत्काउने कार्यको थालनी गरिएको विषयमा खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङ र भाइस चेयरम्यान सुवास प्रधानले बताउनु भएको छ।

****** ० ******

**सावनको तेस्रो सोमबार**

सावनको तेस्रो सोमबार आज दार्जिलिंग महाकाल मन्दिरमा हजारौंको संख्यामा शिवभक्तहरूले भोले शंकरलाल पवित्र जल अर्पित गरे। आज एका बिहान देखि नै चौरस्ता उकालो मन्दिर चढने सिढी देखि नै सैकड़ो भक्तहरू लामो लस्कर देखिएको थियो। महाकाल मन्दिर प्रबन्धन समितिले सबै भक्तहरूका लागि प्रसादको रूपमा खिचड़ीए सब्जीए खीरए पुरी आदिको ब्यवस्था गरेको थियो। स्मरण रहोस विगत वर्ष महाकाल मन्दिर परिसरमा द्वादश ज्योतिर्लिंगहरूको स्थापना गरिए पछि महाकाल मन्दिर देशको धार्मिक पर्यटनका प्रमुख स्थलहरूमा सामेल भएकोछ। यसैगरी कालेबुङ जिल्लाए दार्जिलिंग जिल्लाका चारै महकुमाहरू दार्जिलिंगए खर्साङ्गए मिरिक र सिलगढीका शिवमन्दिरहरूमा पनि सावनको तेस्रो सोमबारको दिन भगवान शिवको जलाभिषेक गर्न भक्तहरूको निकै भीड़ थियो।

****** ० ******

**गोरामुमो**

गोर्खा जातिको लामो समयदेखिको माग पूरा गर्न भारत सरकारले गरेको ढिलासुस्ती र लापरवाहीको चर्को विरोधमा गोरामुमो-ले आज कालो झण्डा प्रदर्शन गरेको छ। दार्जिलिङको प्रदर्शनमा पार्टीका केन्द्रीय कमिटीका सदस्य र पदाधिकारीहरुको सहभागिता रहेको थियो। गोरामुमो-ले पहाडभरी नै यस्ता विरोध प्रदर्शन गर्ने योजना बनाएको छ। यसबाहेकए गोरामुमो अध्यक्ष मन घिसिङले सरकारलाई अल्टिमेटम जारी गर्दै गोर्खाका मागहरू सम्बोधन गर्न अप्रिल ५ए २०२४ को समयसीमा तोकेका छन्। गोरामुमो-को दार्जीलिङ शाखाका अध्यक्ष मञ्जित सुब्बाले गोर्खा समुदायको हितको पक्षमा वकालत गर्ने पार्टीको प्रतिबद्धतालाई स्वागत गर्दै केन्द्र सरकारमाथि दवाब सृजना गर्न यस अभियानको थालनी भएको बताउनु भयो। यसैगरी गोरामुमो मिरिक र सौरेनी समष्टीले संयुक्त रुपमा शहरमा ऱ्यालीको आयोजना गर्दै मिरिक देखि सौरेनी बजार सम्म कालो झन्डा लगाए।पार्टीका कार्याकर्ताहरुले हाथमा कालोपट्टी र कालो झण्डा लिएर सहभागीता जनाएका थिए। ऱ्यालीमा गोर्खा मिरिक शाखा समितिका अध्यक्ष महेन्द्र खड्काले १५ वर्षदेखि गोर्खाहरुका लागि भारत सरकारले केही नगरेको भन्दै विरोध जनाउन यो ऱ्याली निकालिएको बताउनु भयो। यसका साथै कालेबुङए खर्साङसहित पहाडको अन्य क्षेत्रमा पनि गोरामुमोले प्रदर्शन गरेको छ।

****** ० ******

**दार्जिलिंग सांसद मंत्री भेट**

दार्जिलिंगका सांसद राजु बिष्ट तथा सिक्किमका सांसद इन्द्रहांग सुब्बाले नयाँ दिल्लीमा केन्द्रीय अनुसूचित जनजाति मंत्री जुएल ओराम सित भेट गर्नु भएको छ। दुवैले छुटेका गोरखा उपजातिहरू 1942 सम्म अंग्रेज शासनमा जनजाति रहेको दस्तावेजहरू मंत्री महोदयलाई लिखित पत्रद्वारा पेश गरे। दुवै सांसदहरूले यथाशीघ्र दार्जिलिंग र सिक्किमका छुटेका गोरखा उपजातिहरूलाई जनजातिको मान्यता संबंधित पहल गर्न मंत्री महोदय सित निवेदन गर्नु भयो तथा जनजातीय मंत्री बनेकोमा बधाई पनि दिनुभयो।

****** ० ******

**लेट्स गो फाउण्डेशन**

मिरिक लगायत दार्जिलिङ पहाडलाई लागुऔषधमुक्त बनाउने अभियानलाई अगाडि बढाउँदै मिरिकको लेट्स गो फाउण्डेशनले आज मिरिकमा लागुऔषध विरोधी ऱ्यालीको आयोजना गर्यो। मिरिकका विभिन्न विद्यालयका विद्यार्थीबर्ग एसिमा सशस्त्र बलका जवानहरुले भाग लिएको यस रैलीले मिरिक बजार हुँदै कृष्णनगरको परिक्रमा गरेपछि गोरखे हाट परिसरमा समापन भएको थियो जहाँ पिमुश भुटियाले लागुऔषध सेवनबाट हुने शारीरिकए मानसिक र सामाजिक हानिबारे गहन मन्तव्य प्रस्तुत गरेका थिए। उहाँले लागुऔषधमुक्त समाजका लागि आजका युवाबर्गलाई आफू सचेत बन्न र अरुलाई पनि सचेत गराउन आग्रह गर्नुभयो।

****** ० ******

**सर्विस बुक डे**

जीटीए क्षेत्रका प्राथमिक पाठशालाहरूमा कार्यरत् शिक्षक शिक्षिकाहरूको सर्विस बुक अपडेट गर्नलाई प्रत्येक वर्ष ५ अगस्तमा पालन गरिने सर्विस बुक डे खरसाङमा पनि पालन गरिएको छ। हिल तराई प्राथमिक शिक्षक एसोसिएशन खरसाङ सर्कलको आयोजनामा खरसाङको नयाँ बजारस्थित सार्वजनिक भवनमा एक कार्यक्रमबीच सर्विस बुक डे पालन गरिएको छ। यस सर्विस बुक डे कार्यक्रममा प्राथमिक शिक्षक शिक्षिकाहरूले आफ्नो आफ्नो कागज पत्रहरू अपडेट गरेको जानकारी प्राप्त भएको छ। जीटीए क्षेत्रका प्राथमिक पाठशालाहरूमा कार्यरत् शिक्षक शिक्षिकाहरू टके सर्विस बुक अपडेट गर्नलाई प्रत्येक वर्ष ५ अगस्तमा सर्विस बुक डे पालन गर्ने चलन जीटीए प्रमुख अनित थापाको निर्देशनमा र डेपुटी चेयरम्यान राजेस चौहानद्वारा गरिएको छ। कालेबुङ सघन क्षेत्र प्राथमिक पाठशाला निरीक्षक कार्यालयमा आज बुक डे मनाइएको छ। उक्त विषय जानकारी कालेबुङ सघन क्षेत्रकी प्राथमिक पाठशाला निरीक्षक अङ्किला भोटियाले दिएकी छन्। कालेबुङमा सर्विस बुक डे को अवसरमा २०जना शिक्षक-शिक्षिकाहरूको सर्भिस बुक अपडेट गरियो। यसैगरी मिरिकमा हिल तराई प्राथमिक शिक्षक संगठनका क्षेत्र समिति अनि जिल्ला पाठशाला परिषदको संयुक्त पहलमा पनि हर्सोउल्लासको साथ सर्विस बुक डे पालन गरियो।

****** ० ******

## विद्युत विभाग

पश्चिम बंगाल राज्य विद्युत वितरण कम्पनी निगमले आउँदो पूजालाई ध्यानमा राखेर विद्युत लाईन मरम्मती काम क्रमशः शुरू गरेको छ। विभागमा खरसांग महिकुमा डिविजनल अभियन्ताद्वारा जारी एक नोटिसमा विद्युत लाईन मरम्मती कार्य अवधि ११ के.भी. र ३३ के.भी फिडर लाईनहरू पालै पालो गर्दै, इलाकामा विद्युत सर्वाह बन्द राखिन्दैछ। खरसांग र मिरिक महकुमा अर्न्तगत लाईनहरूलाई यसै अवधिमा मरम्मती गरिनेछ जसद्वारा दशै र तिहारको बेला विद्युत आपूर्ति निर्वाध रूपमा जारी रहोस तथा आम मानिसहरूलाई कुनै असुविधा नहोस। यो मरम्तती कार्यको आवश्यकता अनुरूप विद्युत आपूर्ति केही समयका लागि वाधित रहनेछ। मरम्मती कार्य ३ अगस्तदेखि शुरू भएको छ तथा ३३ के.भी स्टेशन लाईनको मरम्मती कार्य ३१ अगस्त सम्म अनि ११ के.भी स्टेशन लाईन मरम्मती कार्य २२ सितम्बर सम्म चल्नेछ। यो विद्युत आपूर्ति बिहान १० बजे देखि अपरान्ह ३ बजेसम्मको निम्ति वाधित रहनेछ। भोली खरसांगको ११ के.भी हेलिप्याड, स्टेशन संबधित बिजुली लाईनहरूको मरम्मती गरिनेछ जसले गर्दा बागोड़ा वायुसेना स्टेशनमा विध्युत आपूर्ति वाधित रहनेछ। यसैगरी ११ के.भी मिरिक अनि ११ के.भी थर्बु पावर स्टेशनसित संबधित बिजुली लाईनहरूको भोली मरम्मति गरिनेछ। यसले गर्दा रमिते ड़ाँड़ा , थुलुङ गावँ, साधु गांव , डुप्टीन, मरमा, रानीवन, चालिसे, नाम्सु, गेमन , सिंगल, बुङकुलुङ, इलाकामा बिजुली आपूर्ति वाधित रहनेछ। यसैगरी ११ के.भी गोरावारी स्टेशनसित संबधित इलाकाहरू ८ माईल, सेलेसियन कलेज, राजाहाट, अपर चटकपुर, पचेङ, सिडर्स चाय बगान, ओक्स बगान, रंगमुक, मुण्डाकोठी फैक्टरी, इन्टेक, धोतरेमा विध्युत आपूर्ति वाधित रहनेछ। यसरी नै ११ के.भी मंगपु इलाकाका मंगपु, बीचकमान, तकदाह कमान ,सिमली, डाकघर, अदालत परिसर , पुलिस पेस्टमा विध्युत आपूर्ति वाधित रहनेछ।

****** ० ******

## नि:शुल्क आँखा जाँच शिविर

लोवर चुङथुङ पदम स्मृति भवनमा आज निःशुल्क आँखा जाँच शिविर आयोजन गरियो। भिजन स्प्रिङ फाउन्डेसन एन जी ओ द्वारा यस आँखा जाँच शिविरमा लगभग १५० जना आँखाका रोगीहरूले आफ्नो आँखा जाँच गराए।

## कालेबुङ जिल्ला कांग्रेस

राष्ट्रिय राजमार्गको अवस्था विषय लिएर कालेबुङ जिल्ला कांग्रेसले चिन्ता व्यक्त गरेको छ। बि जे पि सरकारका ि नीतिका ि विरोध गर्दै सिक्किम र दार्जीलिंग कालेबुङको अवस्था राष्ट्रिय राजमार्गको कारण धेरै प्रभावित बनेको पनि जिल्ला कांग्रेस कार्यकारी अध्यक्ष वसिर अहमदले बताउनु भएको छ।

****** ० ******

## मल्ली

राष्ट्रिय राजमार्ग १० स्थित मल्ली नजिक आज बिहान सडकमा गुडिरहेको एक सवारीसाधनमाथि पहिरो खसेको जानकारी प्राप्त भएको छ। खसेको भग्नावशेषको प्रभावले गाडीलाई नराम्ररी क्षति पुर्याए तापनि सबै यात्रुहरू सुरक्षित छन्। आज बिहान ६:३० बजेको समयमा उक्त सडकमा गाडी गुडिरहेको बेला दुर्घटना भएको हो। अधिकारीहरूले यात्रुहरूलाई सतर्क रहन र पहाडी क्षेत्रहरू पार गर्दा अतिरिक्त सावधानी अपनाउन आग्रह गरेका छन्।

****** ० ******